# 'बालबालिकामा लगानी : सुनिश्चित भविष्यको थालनी'

(महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयद्वारा मिति २०८२ पौष ७ गते स्वीकृत, बालबालिका उत्तरदायी बजेट सङ्केत सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२ मा आधारित)




**महिला, बालबालिका लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय**

सिंहदरबार, काठमाडौं, नेपाल ।

ईमेल: 1childprotection398@gmail.com वेभसाईट:https://mowcsc.gov.np/

फोन नं: ०१–४२००१६८

---

बालबालिका उत्तरदायी बजेट सङ्केत सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२ को थप जानकारीका लागि
https://mowcsc.gov.np/content/272/procedures-for-operation-and-management-of-children/

प्रकाशित मिति : २०८३ असार

# बालबालिका उत्तरदायी बजेट सङ्केत

## परिचय

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८६ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी महिला, बालबालिका लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयले **बालबालिका उत्तरदायी बजेट सङ्केत सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२** बनाएको छ ।

बाल अधिकारमैत्री सार्वजनिक वित्त व्यवस्थापन सुनिश्चित गर्नका लागि सरकारको बजेट प्रणालीभित्र बालबालिकासँग सम्बन्धित खर्चलाई पहिचान, वर्गीकरण, कोडिङ्ग, अनुगमन र विश्लेषण गर्न बनाईएको एकीकृत प्रणाली बाल उत्तरदायी बजेट सङ्केत हो ।

## बालबालिका उत्तरदायी बजेट सङ्केतको आवश्यकता

- नेपालको संविधान, अन्तर्राष्ट्रिय प्रतिबद्धता तथा बालअधिकारसम्बन्धी सिफारिसहरू कार्यान्वयन गर्न बालबालिकामा पर्याप्त लगानी सुनिश्चित गर्न ।
- बालमैत्री योजना, कार्यक्रम र सेवाहरूमा पर्याप्त स्रोत विनियोजन तथा लगानीको सुनिश्चितता गरी बालअधिकारप्रतिको सरकारी जवाफदेहिता सुदृढ गर्न ।
- संघ, प्रदेश र स्थानीय तहबीच तथा विभिन्न मन्त्रालयहरूबीच समन्वय र सहकार्यलाई बलियो बनाउँदै बालबालिकाका लागि छुट्याइएको बजेट, प्राथमिकता र प्रमाणमा आधारित नीति तथा योजना निर्माण र व्यवस्थापन गर्न ।
- स्वास्थ्य, शिक्षा, संरक्षण, विकास र सहभागिता जस्ता बालअधिकारका विभिन्न क्षेत्रमा हुने बजेट विनियोजन र खर्चलाई छुट्टै पहिचान, वर्गीकरण, विश्लेषण र अनुगमन गर्न ।

## उद्देश्यहरू

क) वार्षिक नीति तथा कार्यक्रम र बजेटमा बालबालिकाको अधिकार तथा सर्वोत्तम हितलाई कार्यान्वयन गर्न बाल बचाउ, बाल संरक्षण, बाल विकास, बाल सहभागिता र संस्थागत विकासका लागि विनियोजित बजेटको एकीकृत अंशभारको पहिचान गर्नु,

ख) बाल अधिकारको क्षेत्रमा भएका लगानीको विश्लेषण गरी बाल अधिकारको सम्मान, संरक्षण, प्रवर्धन तथा परिपूर्तिका लागि आन्तरिक एवम् बाह्य र द्विपक्षीय तथा बहुपक्षीय लगानी सुनिश्चित गर्नु,

ग) बालबालिका उत्तरदायी बजेट सङ्केतको प्रभावकारी सञ्चालन तथा व्यवस्थापनका लागि सरोकारवालाको क्षमता अभिवृद्धि गर्नु ।

## सिद्धान्तहरू

प्रभावकारिता | सक्षमता | समता | पारदर्शिता | दिगोपना

## बालबालिका उत्तरदायी बजेट सङ्केत सञ्चालनका आधारहरू

(क) अर्थ मन्त्रालयको बजेट तर्जुमा दिग्दर्शन,
(ख) राष्ट्रिय योजना आयोगको मध्यमकालीन खर्च संरचनाको मार्गदर्शन,
(ग) अर्थ मन्त्रालयले विषयगत निकायहरूलाई जारी गर्ने बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन,
(घ) अर्थ मन्त्रालयबाट प्रदेश तथा स्थानीय तहमा पठाउने बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन,
(ङ) तीनै तहका सरकारले प्रयोग गर्ने बजेट व्यवस्थापन सम्बन्धी प्रणालीहरू
(च) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको व्यय अनुमानको विवरण

## बालबालिका उत्तरदायी बजेट सङ्केत  सञ्चालनका चरणहरू

☛ बालबालिका सम्बन्धी प्रत्यक्ष वा अप्रत्यक्ष र तटस्थ कार्यक्रम सञ्चालन गर्ने विषयगत मन्त्रालय तथा निकायका कार्यक्रमहरूको पहिचान गर्ने,

☛ पहिचान गरिएका कार्यक्रमहरूमध्ये बालबालिकासँग सम्बन्धित कार्यक्रमहरूको सूची तयार गर्ने र सोको आधारमा बालबालिकालाई प्रत्यक्ष वा अप्रत्यक्ष र तटस्थ रुपमा हुने लाभको आँकलन गर्ने,

☛ प्रत्येक मन्त्रालय तथा निकायमा विनियोजित बजेटमध्ये बालबालिकासँग सम्बन्धित प्रत्यक्ष वा अप्रत्यक्ष र तटस्थ रुपमा लाभ हुने कार्यक्रमहरू र बजेट रकमको लेखाजोखा गर्ने,

☛ वार्षिक नीति तथा कार्यक्रम एवम् बजेटमा बालबालिकासँग प्रत्यक्ष, अप्रत्यक्ष र तटस्थ हुने बजेटको अंशभारको पहिचान गर्ने ।

## बालबालिका उत्तरदायी बजेट सङ्केतको सञ्चालन तथा व्यवस्थापन

संघीय सरकार र प्रदेश सरकारका सम्बन्धित मन्त्रालय तथा निकाय एवम् स्थानीय तहले बालबालिका उत्तरदायी बजेट सङ्केतको प्रभावकारी सञ्चालन तथा व्यवस्थापनका लागि कार्य गर्नु पर्नेछ । यसका लागि व्यवस्था गरिएको संस्थागत व्यवस्था-

बालबालिका उत्तरदायी बजेट सङ्केत व्यवस्थापन समिति

↕

बालबालिका उत्तरदायी बजेट सङ्केत समन्वय समिति

↕

प्रदेश बालबालिका उत्तरदायी बजेट सङ्केत सहजीकरण समिति

↕

स्थानीय बालबालिका उत्तरदायी बजेट सङ्केत सहजीकरण समिति

↕

बालबालिका उत्तरदायी बजेट सङ्केत सम्पर्क व्यक्ति

## बालबालिका उत्तरदायी बजेट सङ्केतका सूचकहरू:

➤ **प्रत्यक्ष सुचकहरू**

### क. बाल बचाउ सम्बन्धी सूचकहरू:

- गर्भवती महिलालाई प्रदान गरिने सेवा,
- भिटामिन ए, खोपहरू,
- पोषण, उपचार केन्द्रहरू स्थापना तथा सञ्चालन,
- बालबालिका लक्षित स्वास्थ्य सेवा,
- पोषण अनुदान,
- बालबालिकाका रोगहरूको उपचारमा दिइने अनुदान,
- स्तनपान कक्ष स्थापना तथा सञ्चालन,
- वर्थिङ्ग सेन्टर स्थापना तथा सञ्चालन ।

**बजेट सङ्केत निर्धारण**

**बजेट सङ्केत १ :** ८० प्रतिशत वा सो भन्दा बढी अंश,

**बजेट सङ्केत २ :** ८० प्रतिशत भन्दा कम र २० प्रतिशत वा सो भन्दा बढी अंश,

**बजेट सङ्केत ३ :** २० प्रतिशत कम अंश

## ख. बाल संरक्षण सम्बन्धी सूचकहरू:

(१) जन्मदर्ता (सेवा),

(२) बाल श्रम (उद्धार, राहत, पुनःस्थापना, पुनर्मिलन, मनोविमर्श, सचेतना, कारबाही),

(३) बालविवाह, बालबालिका विरुद्ध हिंसा, बाल यौन दुर्व्यवहार, परम्परागत हानिकारक अभ्यासहरूबाट बालबालिकालाई संरक्षण,

(४) बाल संरक्षण प्रणालीको स्थापना र प्रभावकारी कार्यान्वयन,

(५) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण तथा व्यवस्थापन,

(६) वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको हेरचाह, संरक्षण तथा व्यवस्थापन,

(७) सडक बालबालिका उद्धार, राहत, पुनःस्थापना, आश्रय तथा सडक बालबालिका अस्थायी संरक्षण सेवा प्रबन्ध, पारिवारिक सहयोग तथा आर्थिक सहयोग विकास, परिवार पहिचान तथा पुनर्मिलन र सामाजिक पुनःस्थापना, सीप विकास तथा क्षमता अभिवृद्धि तालीम, पारिवारि पुनर्मिलन, निगरानी, अनुगमन र सचेतना,

(८) जोखिममा परेका बालबालिकाको उद्धार, राहत, मनोविमर्श, संरक्षण, परिवारिक पुनर्मिलन तथा सामाजिक पुनःस्थापना, र सचेतना,

(९) बाल संरक्षण (सुरक्षा) अनुदान,

(१०) बाल सुधार गृह सञ्चालन तथा व्यवस्थापन,

(११) पीडित बालबालिकाको संरक्षण, पुनःस्थापना, बालमैत्री न्याय र परिपूरण,

(१२) अस्थायी संरक्षण केन्द्रहरू सञ्चालन तथा व्यवस्थापन,

(१३) मनोसामाजिक सेवा सञ्चालन तथा व्यवस्थापन,

(१४) बाल संरक्षण मापदण्ड निर्माण, लागू तथा कार्यान्वयन,

(१५) बाल हेल्पलाईन सेवा १०९८ सञ्चालन तथा व्यवस्थापन,

(१६) बालबालिका खोजतलास सेवा १०४ सञ्चालन तथा व्यवस्थापन,

(१७) पुनःस्थापना केन्द्र सञ्चालन तथा व्यवस्थापन,

(१८) बाल गृह सञ्चालन तथा व्यवस्थापन,

(१९) निगरानी कक्ष सञ्चालन तथा व्यवस्थापन,

(२०) अपाङ्गता भएका बालबालिकाको संरक्षण तथा व्यवस्थापन,

(२१) लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाको संरक्षण तथा व्यवस्थापन ।

## ग. बाल विकास सम्बन्धी सूचकहरू

(१) प्रारम्भिक बालविकास केन्द्रहरूमा बालबालिका लक्षित शैक्षिक, मनोरञ्जन, खेल सामाग्रीहरू साथै केन्द्रको सजावट,

(२) अपाङ्गता भएका बालबालिकाका लागि विकास सम्बन्धी गरिएको व्यवस्था,

(३) विद्यालयहरूमा बालिकामैत्री समेत हुने गरी निर्माण गरिने शौचालयहरू,

(४) विद्यालयमा बालमैत्री फर्निचर, शैक्षिक, खेलकुद र मनोरञ्जनका सामानहरू,

(५) विद्यालयमा सञ्चालन हुने सह क्रियाकलापहरू,

(६) कुहिने र नकुहिने फोहोर संकलन गर्न विद्यालयमा दिइने अनुदान,

(७) विद्यालयमा बाल संरक्षण मापदण्ड निर्माण र कार्यान्वयन,

(८) विद्यालयमा वातावरण मैत्री योजना निर्माण र कार्यान्वयन,

(९) छात्रवृत्ति अनुदान, प्रोत्साहन, पुरस्कार,

(१०) विद्यालयमा सञ्चालन गरिने दिवा खाजा,

(११) विद्यालयमा बालिकालाई वितरण गरिने स्यानिटरी प्याडहरू,

(१२) बाल विकास केन्द्र, आधारभूत तह र माध्यमिक तहसम्म कक्षा सञ्चालन गर्ने विद्यालयका भवनहरू निर्माण, १८ वर्ष सम्मका बालबालिकाले प्रयोग गर्ने विद्यालय, पुस्तकालय भवन र फर्निचरहरू,

(१३) माध्यमिक तहसम्म अध्यापन गराउने कार्यका लागि नियुक्ति गरिएका शिक्षक तथा कर्मचारीहरूको पारिश्रमिक र अन्य सेवा सुविधा,

(१४) विद्यालय सुधार योजना, शिक्षकको क्षमता विकास तालिम ।

## घ. बाल सहभागिता सम्बन्धी सूचकहरू:

(१) समुदाय र विद्यालयमा आधारित बाल क्लवहरू गठन र सञ्चालन

(२) वडास्तरीय बाल क्लव सञ्जालहरू गठन र सञ्चालन,

(३) स्थानीय तहस्तरीय बाल क्लव सञ्जालहरू गठन र सञ्चालन,

(४) योजना तर्जुमाका लागि वडा र स्थानीय तहस्तरका बालभेला,

(५) स्थानीय स्वास्थ्य समितिमा बालबालिकाको संस्थागत सहभागिता,

(६) विद्यालय व्यवस्थापन समितिमा बालबालिकाको संस्थागत सहभागिता,

(७) स्थानीय बाल अधिकार समिति र वडा बाल अधिकार समितिमा बालबालिकाको संस्थागत सहभागिता,

(८) नीति, योजना र कार्यक्रमहरू निर्माण प्रक्रियामा बालबालिकाको संस्थागत सहभागिता,

(९) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यक्रमहरूमा बालबालिकाको संस्थागत सहभागिता,

(१०) बाल क्लब सहजकर्ताका रुपमा खटाइएका सहजकर्ताहरूको पारिश्रमिक तथा सेवा सुविधा,

(११) बाल क्लबका भवन तथा कार्यकक्षहरू,

(१२) बालबालिकाको प्रतिभा प्रस्फुटन हुने अतिरिक्त क्रियाकलाप, खेलकुद, साहित्यिक, सांस्कृतिक, हिज्जे, वक्तृत्वकला तथा हाजिरी जवाफ प्रतियोगिता जस्ता कार्यक्रम सञ्चालन, प्रकाशन, प्रसारण,

## ङ. संस्थागत विकास सम्बन्धी सूचकहरू:

(१) बालबालिका सम्बन्धी राष्ट्रिय, प्रादेशिक र स्थानीय प्रतिवनेदन तथा स्थिति पत्र (प्रोफाइल, अवस्था प्रतिवेदन) प्रकाशन,

(२) विद्यालय बाहिर रहेका बालबालिकालाई गाउँपालिका तथा नगरपालिकाले प्रदान गर्ने व्यवसायिक, सीपमूलक तालिम सञ्चालन,

(३) बाल अदालत, बाल इजलास, प्रहरी कार्यालय, अस्पताल, सरकारी तथा सार्वजनिक भवन आदिमा बालमैत्री कक्ष, बालमैत्री सेवा सञ्चालन,

(४) बसपार्क, हाटबजार, खेलमैदान जस्ता सार्वजनिक स्थलहरूमा बालमैत्री शौचालय, खानेपानी,

(५) विपद्मा बालबालिकालाई प्राथमिकता राखिएको योजना कार्यक्रमहरू

(६) बालबालिका सम्बन्धी ऐन, २०७५ को व्यवस्था अनुसारका तीनै तहमा रहने बाल अधिकार केन्द्रित संस्थागत संरचनाका कार्यक्रमहरू,

(७) संयुक्त राष्ट्रसंघीय बालअधिकार महासन्धि, विश्वव्यापी आवधिक मानव अधिकार समीक्षा, दिगो विकास लक्ष्य लगायतका बालबालिकासँग सम्बन्धित प्रतिबद्धताको कार्यान्वयनको अवस्था प्रतिवेदन, सुझाव कार्यान्वयन विश्लेषण लगायत कार्यान्वयनका लागि सञ्चालन गरिने कार्यक्रमहरू ।

## ➢ अप्रत्यक्ष सुचकहरू

बालबालिकासँग सम्बन्धित तर बालबालिकाले सिधै सेवा सुविधाहरू प्राप्त गर्न नसक्ने खालका कार्यक्रमहरूका साथै बालबालिकाकै लागि सेवा प्रवाह गर्नका लागि बनाइएका तर प्रत्यक्ष व्यवस्था भएका बाहेकका भौतिक पूर्वाधार तथा जनशक्तिहरू जस्तै: बाल अधिकार परिषदको भवन र कर्मचारी, बाल अधिकार समितिको भवन एवम् फर्निचरहरू र पञ्जिकाधिकारी तथा स्वास्थ्य स्वयंसेविका जस्ता कार्यक्रमहरू अप्रत्यक्ष उत्तरदायी सूचकका रुपमा रहनेछन् ।

## ➢ तटस्थ सुचकहरू

बालबालिकासँग प्रत्यक्ष वा अप्रत्यक्ष सम्बन्धित नहुने तर बालबालिकाले पनि सेवा लिन सक्ने कार्यक्रमहरू तटस्थ सूचकका रुपमा रहनेछन ।


**संयोजन**

बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान

**बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप)**

काठमाडौँ महानगरपालिका – २९, अनामनगर

फोन नं. ०१-५२४४०६२

इमेल: czopp.central@gmail.com

वेभसाइट: www.czopnepal.org.np

फेसबुक: https://www.facebook.com/czopnepal.org

Social Protection Civil Society Network

**सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल**

ललितपुर महानगरपालिका, ठाडो ढुङ्गा

फोन नं. ९८५१३४८८५८

इमेल: info@spcsnnepal.org

वेभसाइट: spcsnnepal.org

फेसबुक: https://www.facebook.com/spcsn.nepal.5



**सहकार्य**

Save the Children

unicef